नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : २०७५।३।२६

## प्रेस विज्ञप्ति

नेपाल सरकारको आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित विषयहरुको कार्यान्वयनलाई प्रभावकारी बनाई त्यसको अनुगमन र अनुगमनको पनि अनुगमन गर्ने उद्धेश्यकासाथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेतका सबै एक्काइसवटा मन्त्रालयहरुले तयार पारेको कार्यान्वियन कार्ययोजनाहरु आजदेखि सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय उपप्रधानमन्त्रीज्यूहरु र सबै मन्त्रालयका माननीय मन्त्रीज्यूहरु समक्ष सम्बन्धित मन्त्रालयका सचिवज्यूहरुबाट प्रस्तुत भएको छ।

प्रस्तुत भएका कार्ययोजनामा विशेषगरी कार्यक्रम कार्यान्वयनका प्रमुख क्रियाकलापहरु, Milestones, समयसीमा, प्रमुख सूचकहरु, कार्यान्वयनको लागि प्रमुख जिम्मेवार निकायहरु र सहयोगी निकायहरु लगायतका क्षेत्रहरुलाई महत्व दिइएको छ । गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, खानेपानी मन्त्रालय, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय समेत गरी जम्मा एघारवटा मन्त्रालयका तर्फबाट सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयको कार्ययोजना प्रस्तुत गर्नु भएको थियो ।

कार्ययोजना मार्फत सरकारी नीति तथा कार्यक्रम एवम् बजेट कार्यान्वयनको सुनिश्चितता बढ्नुका साथै कार्यान्वयनको हरेक चरणको बहुनिकायहरुबाट अनुगमन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट अनुगमनको समेत अनुगमन हुने व्यवस्था मिलाइएको छ । कार्ययोजना प्रस्तुतीकरण गर्दा मन्त्रालयहरुले वार्षिक लक्ष्यका साथै आवधिक लक्ष्यलाई समेत उल्लेख गरेका छन् । यसबाट विगतमा हुने भनिएको **योजना हुने तर कार्यान्वयन नहुने** समस्यालाई समेत निराकरण गरी सरकारको नीति तथा योजनाको कार्यान्वयन भई **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय लक्ष्य हासिल गर्न सघाउ पुग्ने विश्वास लिइएको छ ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..................

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

कार्ययोजना प्रस्तुतीकरणको अन्तमा विभिन्न मन्त्रालयहरुबाट प्रस्तुत गरिएका कार्ययोजनाहरु उपर सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न जिज्ञासा, सुझाव तथा निर्देशन व्यक्त भएको थियो । त्यसक्रममा सम्मानीय प्रधानमन्त्रीज्यूले सबै नेपाली नागरिकको एकीकृत र पूरा विवरण भएको राष्ट्रिय परिचयपत्र यथाशीघ्र जारी गर्न निर्देशन दिँदै अपराधरहित समाज निर्माण गर्नु पर्नेमा जोड दिनु भयो ।

सम्मानीय प्रधानमन्त्रीज्यूले कृषिलाई व्यावसायिक, आधुनिक र यान्त्रिकीकरण गरी उत्पादकत्व बढाउने र सहकारीको माध्यमद्वारा ठूलो मात्रामा उत्पादन गर्नुका साथै सुरक्षित र आर्गनिक उत्पादनमा जोड दिनुपर्ने बताउनु भयो । वहाँले कृत्रिम महंगीलाई नियन्त्रण गर्न बजार अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिंदै नागरिकका योग्यता र क्षमता अनुसारका रोजगारी एवम् स्वरोजगारी सृजना गर्ने कार्यक्रम ल्याउन जोड दिनु भयो । यसैगरी नेपालमा जलमार्गलाई जतिसक्दो छिटो संचालनमा ल्याउन निर्देशन दिंदै देशमा जलविद्युतका आयोजना संचालन गर्दा प्राकृतिक सम्पदा संरक्षण र जैविक विविधता जोगाउन विशेष ध्यान दिइ कार्यक्रम तर्जुमा गर्न सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनु भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

(विनोदबहादुर कुँवर) २०६८/०३/२६
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np